## द महिला नेटवर्क परियोजना

# परियोजनाको प्रगति समिक्षा, २०८०







**सन २०१७ देखि २०२३**


**प्रकाशन:**

सम विकास केन्द्र (ईडिसी) नेपाल
डोटी सिलगढी
फोन नं ०९४- ४११०५०
ईमेल: edcnepal2053@gmail.com
Web: www.edcdoti.org.np

**प्रकाशन सहयोग:**

actionaid NEPAL

## द महिला नेटवर्क परियोजना (एमएनटी) को संक्षिप्त परिचयः


द महिला नेटवक परियोजना (The Mahila Network (MNT) गिभिङ्ग क्लव यूकेको आर्थिक सहयोग तथा एक्शनएड नेपालको साझेदारीमा ईडीसी नेपाल डोटीले संचालन गरेको परियोजना हो । यो परियोजना मे १, २०१७ देखि सन् २०२३ डीसेम्वर सम्म डोटी जिल्लाको तीनवटा स्थानिय तह दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र के.आई.सिंह गाउँपालिकामा संचालन गरिएको थियो ।

गरिबीमा बाँचिरहेका महिलाहरुका लागि सामाजिक र आर्थिक सशक्तिकरण र सम्मानजनक कामका लागि सहयोग गर्ने लक्ष्यका साथ संचालन गरिएको हो ।

समाज रहेका विपन्न तथा सिमान्तकृत महिलाहरुलाई संगठित गरि सशक्तिकरणका माध्यमबाट उनिहरुको सामाजिक, आर्थिक, र साँस्कृतिक अधिकारको प्रवर्द्धन गर्ने, महिला संलग्न रहने पारिश्रमिक विनाको सेवामुलक कार्यको पहिचान, पुर्नवितरण तथा न्यूनिकरण गर्न समाजद्धारा बनाईएको लैंगिक भूमिकामा रुपान्तरण गरि महिलाहरुको आर्थिक हैसियतमा बृद्धि गर्न उनिहरुलाई आयमुलक कार्यहरुमा संलग्न गराउने र महिला खासगरि दलित महिलाहरुलाई स्थानिय स्तर देखि राष्ट्रिय स्तर सम्म प्रतिनिधित्वका लागि नेतृत्व क्षमता बृद्धि गर्दै महिला माथि भएका अन्याय, विभेदलाई चिर्दै नीतिगत वकालत गर्ने कार्यका लागि उनिहरुलाई सक्षम बनाउनु यस परियोजनाको मुख्य उद्धेश्य रहेको थियो । द महिला नेटवर्क परियोजनाको लक्ष्य उद्धेश्य प्राप्तीका लागि सम विकास केन्द्र (ईडीसी) नेपालले एक्शनएड नेपालको सहयोगमा निम्न बमोजिमका रणनीतिहरु अवलम्बन गरेको थियो ।

- समुह, संगठन र संजालको सुद्धढीकरण र सामुहिक कार्यको सबलीकरण गर्दै आत्मनिर्भरताका लागि समुह संगठनका सदस्यहरुलाई सक्षम बनाउने ।
- आर्थिक, सामाजिक र वातावरणीय रुपमा दीगो उत्पादन विधिमा आधारित वस्तुहरुको उत्पादन, प्रशोधन र वजारीकरणमा सहभागि हुन ग्रामिण महिलाहरुको प्राविधिक सीप बृद्धि गर्ने ।
- महिलाको तलबी र वेतलबी सेवामुलक हेरचाह कार्यको चुनौतीको वारेमा सचेतना अभिबृद्धि गर्दै वेतलबी सेवामुलक हेरचाह कायलाई समुदाय र नेपाल सरकारको मान्यतामा स्थापित गर्न वकालत गर्ने ।
- महिला सामुहिकता र श्रमिक महिला सञ्जालहरुलाई जोडदै उनिहरुलाई स्थानिय, राष्ट्रिय स्तरका सरकार भित्र आफना समस्या तथा एजेण्डाहरुको सुनुवाईका लागि नेतृत्व गर्न सक्ने कार्यकर्ताको (Activist) विकास गर्ने ।
- नेपाल सरकारले सामुहिकताको महत्व बुझको सुनिश्चित गर्न प्रयोग गरिने सामाग्रीहरु उत्पादन गर्ने ।

## परियोजनको मुख्य लक्ष्य तथा उद्धेश्यहरुः



**कार्यक्षेत्र:**

**जम्मा ओगटीएको जम्मा घरधुरी संख्या: १२३५**


**परियोजना संचालित क्षेत्रहरु:**


- दिपायल सिलगढी नगरपालिका: वडा नं. ४, ५, ७
- शिखर नगरपालिका: वडा नं. १, २, ३, ४
- केआईसिंह गाउँपालिका: ४, ६, ७,




## हाल सम्मको उपलब्धिः

### १. संगठन निर्माण तथा सशक्तिकरण






द महिला नेटवर्क परियोजनामा सन् २०१८ सम्म ८ वटा समुहमा मात्र महिलाहरुको सहभागिता रहेको थियो भने, सन् २०२३ सम्म यो सख्या बढेर ४९ वटा समुह निर्माण भएको थियो, जसमा २४ वटा महिला समुह, ८ वटा अधिकार मञ्च, ८ वटा किसोरी समुह, ८ वटा श्रमिक महिलाहरुको समुह र १ सहकारी संस्था क्रियाशिल रहेका छन । ति ४९ वटा समुहमा ४६३ अन्य महिला र ७७२ जना दलित महिला गरि जम्मा १२३५ जना महिलाहरुको सक्रिय सहभागिता रहेको छ ।

समुहको सुदृढीकरण तथा सदस्यहरुको सशक्तिकरण पश्चात परियोजनाको अन्त सम्ममा १३३ जना महिलाहरु स्थानिय तहका विभिन्न संरचनाहरुमा आवद्ध भई ति संरचनाहरुको नेतृत्व गर्न सक्षम भएका छन जसमा ५६ जना दलित महिला र ७७ जना अन्य महिलाहरु रहेका छन । यसैगरि २०७९ मा सम्पन्न स्थानिय तहको निर्वाचनमा समुहका ११ जना महिलाहरु वडा तहको जनप्रतिनिधिको रुपमा निर्वाचित हुन सफल भएका थिए ।

स्थानिय तहको योजना तर्जुमा प्रक्रियाको बारेमा समुहमा आवद्ध ७७५ जना महिलाहरुको ज्ञान, सिप र क्षमता विकास भई गतवर्ष उनिहरुले ८६ वटा महिला मैत्री योजना बनाई नगरपालिका, गाउँपालिका र वडामा पेश गरेका थिए । नगरपालिका, गाउँपालिका र वडाले ति ८६ वटा योना मध्ये २८ वटा योजनाहरु पास गरेको थियो ।


सहकारी संस्थाका १२२ जना शेयर सदस्यहरुको क्षमता विकासले सहकारी संस्था संचालन र व्यवस्थापनमा सहयोग पुग्नुको साथै सहकारी संस्थाको आर्थिक कारोबार व्यवस्थापनमा सुधार भएको छ । दि सि न पा ४ मा बि.स. २०७८ मा दर्ता गरिएको पञ्चेश्वर महिला बहुउद्धेश्यि सहकारी संस्थाको दीगोपनको लागि सहकारी संस्थालाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न बचत निति, ऋण निति, कर्मचारी व्यवस्थापन निति, निर्वाचन निति, व्यवस्थापन निति, सम्पत्ति सुद्धिकरण निति, संस्थागत विवरण निति गरि जस्ता ८ वटा नितीहरु निमार्णमा सहयोग गरिएको छ भने, समुह तथा सहकारीको लेखा व्यवस्थापन लाई चुस्त दुरुस्त र पारदर्शि बनाउन लेजर, पासबुकको साथै सहकारीका ४ वटा खाता संचालन प्रयोगमा ल्याईएको छ । ११२ जना शेयर सदस्य रहेको उक्त सहकारीमा हाल सम्म ४ लाख ८५ हजार ९ सय १२ रुपैया लगानीमा रहेको छ । सहकारी संस्थाले ऋण लगानीको कार्य शुरु गरे देखि उनिहरु साहुँको चर्को ब्याजबाट मुक्त भएका छन ।

## २.आर्थिक सशक्तिकरण

द महिला नेटवर्क परियोजनाको अन्त सम्ममा आर्थिक, सामाजिक र वातावरणीय रुपमा दीगो उत्पादन विधिमा आधारित वस्तुहरुको उत्पादन, प्रशोधन र वजारीकरणमा कार्यक्षेत्रका ग्रामिण महिलाहरुको प्राविधिक सीप र सहभागितामा बृद्धि भएको छ । स्थानिय सरकार र सरकारका विभिन्न निकायहरुबाट प्रदान गरिने उत्पादनका स्रोतसाधनहरुमा उनिहरुको पहुँच बृद्धि भएको छ ।

- यसवर्ष मात्र स्थानिय तहमा आवद्ध कृषक समुह मध्येका तरकारी खेती संचालन गर्दै आएका १६ जनाले सिचाई पोखरी, १८ जनाले फलामे टर्णेल, ८ जनाले कुखुरापालन, २ जनाले माछापालन र २१४ जनाले तरकारीका बिउँहरु अनुदान पाई स्वरोजगारको वातावरण र्सजना गरेका छन ।

- सहकारीमा आबद्ध हुन नसकेका उक्त समुदायका अन्य महिलाहरुले भेटनरी कार्यालयद्धारा पशुपालन गर्न १ लाख ५० हजार अनुदान प्राप्त गरि बाखापालनको कार्य शुरु गर्न सफल भएका छन ।
- ९० जना महिला कृषकहरु अर्गानिक खेतीमा संलग्न भई उनिहरु आत्मनिर्भर बन्न सफल भएका छन । ९ वटा कृषक समुहमा यस वर्षमा २ पटक कृषि अर्गानिक रणनितीको बारेमा छलफल र कृषि पेशामा आबद्ध कृषकहरुले अर्गानिक तरकारी खेति सम्बन्धि ज्ञान, सिप हासिल गरेपछि उनिहरुले अर्गानिक तरकारी खेतीको कार्य अगाढी बढाएका थिए । कृषि उत्पादनबाट आर्थिक, सामाजिक र वातावरणीय पक्षलाई केन्द्रित गरि खाद्य सुरक्षा र खाद्य श्रृखंलमा उत्पादनको गुणस्तर सुनिश्चितता गर्न के आई सिंह गाउँपालिकामा असल कृषि अभ्यासको थालनी गरिएको छ भने, कृषि अर्गानिक रणनितीलाई कार्यान्वयन गर्न गाउँपालिका द्धारा ३ लाख बजेट बिनियोजन भई कार्यान्वयन समेत भएको छ । यस अबधिमा केआईसिहं गाउँपालिका अर्गानिक खेतिको रुपमा डोटीमा १ नम्बरमा पुरस्कृत भएको छ ।
- आर्थिक रुपमा आत्मनिर्भर बन्नका लागि महिलाहरु आ-आफनो समुहमा घुम्तीकोष स्थापना गरि स-साना आयआर्जनका ब्यबसायहरुका लागि घुम्तीकोष परिचालन गर्दैआएका छन । यस अबधिमा २२ वटा महिला समुहको बचत ३ लाख ९६ हजार माषिक बचत र ७ लाख घुम्तिकोष परिचालन गर्दा २४४ जना महिलाहरुले सानाखाले व्यवसाय संचालन गर्न सफल भएका छन । हाल सम्म समुहको घुम्तिकोषमा ६८ लाख ७० हजार रहेको छ, जसमा परियोजनाद्धारा ३६ लाख, समुह सदस्यहरुको बचत २५ लाख ७० हजार र पालिकाद्धारा ७ लाख अनुदान सहयोग गरिएको थियो ।
- दलित विपन्न समुदायको पेशा र व्याबसायको व्याबसायिक योजना वमोजिम १९ जना महिलाहरुलाई टोकन सपोर्टका माध्यमबाट आर्जनका कार्यहरुमा संलग्न हुन सहयोग पुगेको छ ।
- आयआर्जनको कार्यमा पुरुषको जस्तै महिलाहरुले पनि काम गर्न सक्छन भन्ने मान्यता स्थापित गर्न द महिला नेटवर्क परियोजनाका माध्यमबाट यस संस्थाले कार्यक्षेत्रका ९ जना महिलाहरुलाई एक महिने अटो चालक तालिम प्रदान गरि उनिहरुको ज्ञान, सिप र क्षमता अभिबृद्धि गरेको छ । तालिम प्राप्त महिलाहरुमध्ये धनसरा आउजीले अटो सेवा व्यवसायलाई अगाडि बढाई सकेकी छिन । यसैगरि उदाहरण बन्न सफल धनसरा जस्तै अन्य तालिम प्राप्त महिलाहरुलाई पनि अटो सेवा संचालन गर्न दिपायल सिलगढी नगरपालिका र शिखर नगरपालिकाले आ.व. २०८०/८१ को योजना र वजेटमा थप १० जना महिलाहरुलाई अटो चालक तालिमको ब्यबस्था गरेको छ र ईडीसी नेपाल र शिखर नगरपालिका तथा दिपायल सिलगढी नगरपालिकाको सहकार्यमा २ जना तालिम प्राप्त अटोचालक महिलाहरुलाई अटो प्रदान गर्ने सम्झौता सम्पन्न भई खरिद प्रक्रिया अगाढी बढीसकेको छ ।
- गैर कृषि ब्यबशायमा संलग्न ५०१ जना महिलाहरुले माषिक ५ देखि २० हजार आम्दानी गरिरहेका र उनीहरुले आफनो आम्दानीबाट छोराछोरी, बुहारीको पढाई खर्च, उपचार खर्च, चाडपर्व खर्च आदीमा खर्च गरि बाँकी रहेको रकम आफनै नाममा बैंकमा बचत गर्दै आएका छन । उनिहरुको आम्दानीबाट हाल समुदायमा ८ जना बुहारीहरु उच्च शिक्षा हासिल गरिरहेका छन ।
- केआईसिंह गाउँपालिकाको सहकार्यमा यस परियोजना द्धारा केआईसिंह गाउँपालिका वडा नं. ४ मा महिला मैत्रि बजार स्थापना गरिएको छ । कृषकहरुले उत्पादन गरेका कृषि उपजको बजारीकरणमा महिलाहरुको पहुँच अभिबृद्धि गर्ने उद्धेश्यले महिला मैत्री वजारको स्थापना गरिएको हो । हाल यस वजारलाई गाउँपालिकाले अपनत्व ग्रहण गरि रेखदेखको लागि एकजना तलवी महिला कर्मचारी समेत ब्यबस्था गरिसकेको छ ।
- महिलाहरु यस किसिमका विभिन्न आयआर्जनका ब्यबशायहरुमा संलग्नताको कारण महिलाहरुको आत्मनिर्भरता बढेको, समाजमा लैंगिकताको हिसावले उनिहरु प्रति हेर्ने दृष्टिकाणमा सकारात्मक प्रभाव, घरायसी कामकाजको बाँडफाँड र पुरुषको सहभागिता, आर्थिक कारोवारोमा महिलाको पहुँच र नियन्त्रण बढेको, समाजिक घरपरिवार र समाजमा उनिहरुको आत्मसम्मान बढनुको साथै महिलाहरु पनि परुष सरह आयआर्जका जुनसुकै कार्य गर्न सक्छन भन्ने मान्यता स्थापित हुनुको साथै गरिवी न्यूनिकरणमा समेत यसले मद्धत पुऱ्याएकोछ ।





## ३. महिलाको पारिश्रमिक विनाको सेवामुलक कार्य

महिलाको तलबी र वेतलबी सेवामुलक हेरचाह कार्यको चुनौतीको वारेमा लक्षित समुदाय मात्र नभई स्थानिय सरकार समेतको सचेतना अभिबृद्धिले वेतलबी सेवामुलक हेरचाह कार्यलाई नीतिगत र ब्यबहारीक रुपमा कार्यान्वयन गर्न समुदाय र नेपाल सरकार सम्वेदनशिल बन्दै गएका छन् ।

समाजमा वा घर परिवारमा महिला र पुरुषले गर्नुपर्ने भनि छुट्याएका काम र गर्नुपर्ने भूमिका निर्वाह गर्ने क्रममा विभिन्न सेवामूलक कामहरुले गर्दा महिलाहरुको दैनिक कार्यबोझ करिव १६ घण्टा भन्दा बढी भएता पनि महिलाहरुबाट हुने श्रमलाई उचित स्थान नदिएको र अर्थतन्त्रमा महिलाहरुको योगदानको गणना नभएको अवस्थामा सम्बन्धित महिला र सरोकारवालाहरुलाई जागरुक बनाई महिलाहरुको पाश्रिमिक विनाको सेवामूलक कार्यलाई समुदाय र सरकारले मान्यता दिई यसको भूमिका अर्थतन्त्रमा स्थापित र पहल गराउनका लागि सम विकास केन्द्रले द महिला नेटवर्क परियोजना मार्फत पारिश्रमिक विनाको सेवामूलक कार्यकालागि सचेतनामुलक तथा नीतिगत अभियान र वकालतका क्रियाकलापहरु संचालन गर्नुको साथै महिलाको कार्यबोझमा कमि ल्याउने बैकल्पीक उपायहरुको खोजी र समाधानका उपायहरुमा सहयोग र सहकार्य गर्दै आएकोछ ।

- यस अवधिमा दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआईसिंह गाउँपालिकाका २४६८ (१९२४ महिला र ४८४ पुरुष) महिलाहरुको वेतलबी सेवामुलक हेरचाह कार्यका वारेमा जानकार भएका छन भने तनिवटै पालिकाका ३९८ घरधुरीमा कामको पहिचान, सम्मान र कामको बाँडफाँड हुन पुगेकोछ ।
- यसैगरि महिलाको कार्यबोझमा कमी ल्याउने विभिन्न उपायहरुमा दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआईसिंह गाउँपालिकाको सहकार्यबाट कार्यक्षेत्रका २४६८ घरधुरीका महिलाहरु लाभान्वित भएका छन । यसकार्यले महिलाहरुको कार्यबोझमा कमि आउनुको साथै उनिहरुको स्वास्थ्यमा समेत सुधार आएको पाईन्छ । जसलाई तलको पाईचार्टमा देखाईएको छ ।
- यस वाहेक महिलाहरुको कार्यको पुर्नवितरणमा पुरुषहरुको भूमिका बढदै गएको देखिन्छ । समुहको सहयोगमा महिलाहरुले संचालन गरेका ब्यबशायहरुमा पुरुषहरु भारतबाट आएर श्रीमतीको काममा सघाउने र श्रीमतीको सहकार्यमा ब्यबशायलाई अगाढी बढाउने कार्यमा संलग्न भएको पाईन्छ । श्रीमतीले संचालन गरेका ब्यबशायहरुमा दुबै जनाको संलग्नताले घरमै स्वरोजगारको अवस्था सृजना भएको र कामको खोजीमा भारत जानु नपरेको पुरुषहरुको धारणा रहेको पाईन्छ ।
- घरायसी कामको बाँडफाँड र ब्यबशाय संचालनमा श्रीमान श्रीमती दुबै जनाको संलग्नता र सहकार्यले महिला हिंसा खास गरि घरेलु हिंसामा कमि आएको समुहका महिलाहरुले बताउने गर्दछन ।
- महिलाको कार्यबोझमा कमि ल्याउन दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआईसिंह गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम महिलाको कार्यबोझमा कमि ल्याउने बैकल्पीक उपायहरुमा सहयोग गर्नकोलागि आगामी योजना र वजेटमा समावेश गर्ने प्रतिवद्धता जनाएका छन ।




## ४. सवाल उठान तथा स्थानिय निकायसंग समन्वय र सहकार्य

महिला सामुहिकता र श्रमिक महिला सञ्जालहरुको संगठन सुदृढीकरण र समुहका सदस्यहरुको सशक्तिकरण र परिचालन पश्चात उनिहरु आफना सवाल तथा एजेण्डाहरुको सुनुवाईका लागि स्थानिय सरकार समक्ष राख्न सक्ने र नेर्तत्व गर्न सक्ने अभियान्ताको रुपमा क्रियाशिल हुदै आएका छन । दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआईसिंह गाउँपालिकामा रहेका ८ वटा श्रमिक महिलाहरुले आ-आफनो समुह संगठन मार्फत आफनो हक र अधिकारको लागि संचालन गरेका अभियानहरु मार्फत देखिएका परिवर्तनहरुलाई यसप्रकार उल्लेख गरिएको छ ।

- अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुको ज्यालामा रहेको असमानता, विभेद र कार्यस्थलमा हुने सबैखाले हिंसाका विरुद्ध र उनीहरुको सामाजिक सेवा र सुरक्षाका वारेमा वहश गरि समस्याको समाधान गर्न डोटीका ९ वटै स्थानिय तहका प्रमुख, उपप्रमुख तथा ठेकेदारहरु र ट्रेड युनियन लगायत सम्पुर्ण सरोकारवाला निकायहरुको सहभागितामा श्रमिक महिला संजालले सम विकास केन्द्र नेपाल डोटीको सहकार्यमा जिल्लामा श्रमिक महिला सम्मेलनको आयोजना गरे ।
- तीनवटा पालिकाका ३ वटा श्रमिक महिला संजालले महिला पुरुष श्रमिकको ज्यालामा रहेको असमानता तथा कार्यस्थलमा हुने गरेका महिला हिंसाका विरुद्ध संचालन गरेका दवावमुलक अभियानले १२६ जना महिला श्रमिकहरुको श्रमिक बिमा बनाउन सफल भएका छन भने, कार्यस्थलमा चोट पटक लागेका ४ जना श्रमिक महिलाहरुलाई उपचार वापत रु. २० हजार सहयोग उपलब्ध गराउन र ४४ जना श्रमिक महिलाको गुमेको  सक्षम भएका थिए ।
- श्रमिक महिलाहरुको सम्मेलन पश्चात पूर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने अर्धदक्षय श्रमिकहरुले सातसय र दक्ष श्रमिकले एक हजारका दरले ज्याला पाउन थालेका छन । यस कार्यलाई अझै प्रभावकारी बनाउन र श्रमिक महिलाहरुको सुरक्षा र ज्यालामा रहेको असमानतामा कमि ल्याउन तीनवटै पालिकामा दुईदुई जना श्रमिक महिलाहरुको सहभागिता रहको वडा तथा पालिकामा ५/५ सदस्यीय ज्याला अनुगमन संयन्त्रको निमार्ण भएको छ ।
- यसैगरि तीनवटै पालिकामा हिंसा पिडित महिलाहरुको न्यायमा पहुँच पुर्‍याउन र उनहिरुलाई राहत उपलब्ध गराउन लैंगिकतामा आधारित हिंसा कोष स्थापना गरिएको छ । उक्त कोषबाट हाल सम्म १३ जना हिंसा पिडित महिलाहरुले लाभ प्राप्त गरिसकेका छन । यसैगरि ६८ जना हिंसा पिडित महिलाहरुलाई कानुनी प्रक्रियामा सहयोग गरिएको छ भने, ५४ जना हिंसा पिडित महिलाहरुलाई सिपमुलक तथा आयआर्जनका कार्यक्रममा सहयोग गरिएको छ ।

## ५. अभिलेखीकरण तथा अभियान

स्थानिय तहमा गठन भएका महिला अधिकार मञ्च, महिला संजाल, श्रमिक महिलाहरुको संगठनमा आवद्ध महिलाहरुले ईडीसी द्धारा संचालित द महिला नेटवर्क परियोजनाको सहकार्यमा समुदाय, पालिका तथा जिल्ला स्तरमा उठाएका सामाजिक, आर्थिक एवं उनिहरुका हक अधिकारका सवालहरुमा स्थानिय सरकार र सम्बन्धित सरोकारवालाहरु सम्वेदनशिल बन्दै गएको पाईन्छ । महिला संगठनहरुको सबलीकरण, उनिहरुको आर्थिक सशक्तिकरण र सामाजिक

हक हितका पक्षमा स्थानिय सरकारले आफनो नीति तथा कार्यक्रममा सम्बोधन गर्न सम विकास केन्द्र (ईडीसी) संग सहकार्य गरि उनिहरुको आवश्यकता र मागलाई महत्व दिई सम्बोधन गर्ने कार्यलाई स्थानिय सरकारले निरन्तरता दिदै आएको छ ।

महिलाहरुको आत्मनिर्भरता, महिला हिंसा विरुद्ध कानुनी उपचार, महिलाको पारिश्रमिक विनाको सेवामुलक कार्य र महिलाको कार्यबोझमा कमि ल्याउने विभिन्न उपायहरुको खोजी र समाधानको उपायमा सहकार्य, लैंगिकतामा आधारित हिंसा पिडितहरुलाई राहत र कानुनी उपचारका लागि कोष स्थापना, अर्ग्यानिक तरकारी उत्पादनमा सहयोग, लैंगिक समानता, जातिय बिभेद तथा जलवायु न्यायको पक्षमा अभियानहरु संचालन गर्न स्थानिय सरकार लगायत समुदायमा क्रियाशिल महिला संजाल, युवा संजाल र किशोरी समुहहरुको कार्ययोजनामा सहयोग, स्थानिय एफएमद्धारा महिला हिंसा विरुद्ध आमसचेतिकरण जस्ता गतिविधिहरुलाई सम्बोधन गर्दै आएको र यसका उपलब्धिहरुलाई प्रभावकारी र दीगोरुपमा कार्यान्वयन गर्न सम विकास केन्द्र (ईडीसी) र स्थानिय सरकार विचको सहकार्यमा तपसिल बमोजिमका नीति, कार्यविधि एवं सामुदायिक कार्यहरु सम्पन्न गरिएका छन ।

महिलाहरुको पक्षमा निर्माण भई कार्यान्वयन भएका नीति तथा कार्यविधिहरुः

- रेफरल गाईडलाईन (केआईसिंह गाउँपालिका)
- लैंगिकतामा आधारित हिंसा कोष (GBV) संचालन कार्यविधि (दि.सि.न.पा., शिखर न.पा. र केआईसिंह गा.पा.)
- अर्ग्यानिक तरकारी खेतीको रणनीतिक योजना र कार्यविधि (केआईसिंह गाउँपालिका)
- श्रमिक अनुगमन संयन्त्र कार्यविधि (दि.सि.न.पा., शिखर न.पा. र केआईसिंह गाउँपालिका)
- शिशु स्याहार केन्द्र संचालन कार्यविधि (दि.सि.न.पा. र केआईसिंह गाउँपालिका)
- महिला मैत्री हाटवजार संचालन कार्यविधि (केआईसिंह गाउँपालिका)
- सहकारी संचालन कार्यविधि (दि.सि.न.पा.)
- घुम्तीकोष संचालन कार्यविधि (कार्यक्षेत्रका २४ वटा महिला समुह)
- अटो संचालन सम्झदारी पत्र (MoU) (शिखर नगरपालिका र दि.सि.न.पा.)
- शैलेश्वरी एफएम द्धारा जिंगल प्रसारण सम्झौता
- एकद्धार संकट ब्यबस्थापन केन्द्र (OCMC) संचालनमा सहयोग जिल्ला अस्पताल
- सुरक्षित आवाश गृह (Safe House) सहकार्य (केआईसिंह गाउँपालिका)

# तरकारी नपाईने गाउँ: पकेट क्षेत्र बन्दै



डोटीको शिखर नगरपालिका बडा नं. १ अन्तर्गत तल्लीमगुममा कुनै समयमा आफैलाई खानका लागी तरकारी समेत पाईदैन थियो ।
अहिले सो क्षेत्रका महिलाहरुले तरकारी गर्न थाले पछि परिवारको आर्थिक आम्दानीको श्रोत नै तरकारीलाई बनाउन थालेका छन ।
सम विकास केन्द्र (ईडिसि) डोटीको स्थानिय अधिकार कार्यक्रम तथा महिला नेटवर्क परियोजनाको सहयोग कार्यक्रमले उक्त टोलमा करेसाबारी र तरकारी खेती सम्बन्धी जानकारी दिएपछि आफुहरु तरकारी खेतीमा लागेको बताउँछिन्, ४६ वर्षिया विष्णा नेपाली ।
नेपाली भन्छिन्, "पहिले आफुलाई खानलाई पनि तरकारी पाउदैन थियौं, अहिले तराकारी खेतीबाट घर खर्च मात्र होईन बच्चाहरुलाई समेत पढाउन सकेकी छु ।" विष्णा नेपालीले अहिले २ रोपनी जमिनलाई सिंचित गरि तरकारी खेती गरि रहेकी छिन् भने सोहि स्थानकी शारदा ऐरले ५ रोपनि जग्गामा तरकारी खेती गर्दै आएकी छिन् ।
सो स्थानका महिलाहरु अहिले समावेशी महिला समुह नामक समुहमा आबद्ध रहेका छन् । समुहमा आबद्ध ३२ जना सदस्यहरुले निरन्तर रुपमा तरकारी खेती गरि रहेका छन् । दिगोकृषि विकास तालिम, विउ सहयोग, सिंचाईका लागी कुला, पोखरी निर्माण, टर्णेल निर्माण जस्ता क्रियाकलापहरुमा सम विकास केन्द्रले सहयोग गर्दै आएको शारदा ऐर बताउँछिन् ।



अहिले उनीहरुको बारीमा टमाटर, प्याज, लसुन लगायतका तरकारीहरु फलेका छन् । पहिले तरकारीहरु उत्पादन गरि विक्रिका लागी समस्या हुन्छ भन्ने लागेको भए पछि अहिले डोटीको दिपायल स्थीत बजारलाई उनीहरुले मुख्य व्यापारीक केन्द्र बनाएका छन् । विष्णा भन्छीन् दिपायलको एक तरकारी पसल संग सम्झौता गरेका छौ हाम्रो सबै तरकारी उहाँले नै किनीदिनु हुन्छ । तरकारी विक्रिबाट मासिक १० हजार जती आम्दनी हुने गरेको समुहका सदस्यहरु बताउँछन् । समुहका सदस्यहरुले घर खर्च गरि नियमित बचल समेत गर्न थालेका छन् । त्यस्तै अगुवा कृषकको रुपमा क्रियाशिल हुदै आएकी सारदा ऐरले यस वर्षमा १ लाख ६० हजार आम्दानी गरि छोरीका नाममा रु. ३० हजार र आफनो नामा रु. ३० हजार बैंकमा जम्मा गरेको सुनाउँछिन् । ऐरीगाउँ बस्ने २८ वर्षकी सारदा ऐरसंग ९ जनाको परिवार रहेकोछ । अहिले उनलाई तरकारी उत्पादनबाट भएको आम्दानीले सजिलै घरखर्च बचत गर्न समेत सहज भएकोछ । आफुले उत्पादन गरेको तरकारी नजिकैको वजारमा खपत भैरहेको उनि बताउँछिन । विष्णा नेपाली, शारदा ऐर समावेशी महिला समुहका यी दुबै जना महिलाहरु संगसगै कपल्लेकी खातीगाउँमा रहेको फुलवारी कृषक समुहका पुनी खाती, विष्णा खाती, टंक बोगटीले पनि ब्यबसायिक रुपमा तरकारी उत्पादन गर्दै आयआर्जन गर्न सफल भएका छन् । पुनी खातीले १ लाख २० हजार आम्दानी गरि १३ हजार बचत, विष्णा खातीले ५० हजार आम्दानी गरि छोरीको जिवन विमा र टंक बोगटीले ३५ हजार आम्दानी गरि घरखर्च गर्न सफल भएका छन् । गरे के हुदैन भन्ने उदाहरण उनीहरुले दिएका छन् । कुनै समयमा गाउमा एक बोटा खुर्सानी समेत हुँदैन थियो । अहिले सबैका बारीमा केहि न केहि तरकारीहरु उत्पादन भएका छन् । आफ्नो तरकारी खेतीलाई व्यवसायीक रुपमा निरन्तर अघि बढाउने योजनामा समुहका सदस्यहरु रहेका छन् । गर्न सके आफ्नै माटोमा सुन फलाउन सकिनेमा विश्वास गर्न थालेका छन् डोटी शिखरका यी महिलाहरु ।



**क) द महिला नेटवर्क परियोजनाः**

**१) संगठन तथा सशक्तिकरणः**

- दिपायल सिलगढी नगरपालिका ४ मा रहेको पञ्चेश्वर महिला समुह पञ्चेश्वर महिला बहुउद्धेश्यिय सहकारी संस्थामा परिणत भएको छ। सहकारी संचालनका विषयमा सदस्य एवं पदाधिकारीहरुको क्षमता विकास पश्चात सहकारीको संस्थागत विकासमा सुधार र ब्यबस्थित भएको छ। ११२ जना शेयर सदस्यहरु बनाउन सफल भएको यस सहकारीले ४ लाख ८५ हजार ९ सय १२ रुपयाँ लगानी गरिसकेको छ। सहकारीमा आवद्ध नभएका दलित महिलाहरुले यसवर्ष भेटेनरी कार्यालयको १ लाख ५० हजार अनुदान सहयोगमा पशुपालनका कार्यक्रमहरु संचालन गरेका छन। यसैगरी अन्य समुहहरुले पनि नियिमत बैठक गर्ने छलफल गर्ने र कार्ययोजना बनाई सदस्यहरुलाई परिचालन गर्दै आएका छन।
- वभिन्न समुह र सहकारीमा आवद्ध महिलाहरु स्थानिय सरकारको योजना तर्जुमा प्रक्रियामा सक्रियता पुर्वक सहभागि हुन थालेका छन। विभिन्न तालिम र समुहमा गरिएको छलफलका माध्यमबाट ७७५ जना महिलाहरुले स्थानिय तहको योजना तर्जुमाका सात चरणहरुका वारेमा जानकारी पाएपछि उनिहरुले यसवर्ष ८६ वटा महिला मैत्री सामुहिक योजना निर्माण गरी वडा तहको भेलामा पेश गरेका थिए , जस मध्ये २८ वटा योजनाहरु पालिका र वडाबाट स्वीकृती भएको छ। ति २८ योजनाको उपभोक्ता समितिको नेतृत्व पनि महिलाहरुले नै गरिरहेका छन।
- स्थानिय तहको राजनैतिक संरचनाहरु जस्तै, उपभोक्ता सिमती, वन समिती, वि. ब्य. स. जस्ता समितीहरुमा १२२ जना महिलाहरुको प्रतिनिधित्व रहेको छ। यसवर्ष उनिहरुले ५ लाख देखि १८ लाख सम्मको योजनाको नेतृत्व गरी योजना कार्यान्वयन गरेका छन। विभिन्न समुहका तालिम प्राप्त ७५ जना महिलाहरुले अन्य समुहका सदस्यहरुलाई पनि नेतृत्व विकास सम्बन्धि ज्ञान, सिप र अनुभव आदान प्रदान गरेका थिए। तालिम पश्चात उनिहरुलाई सभासमारोह, सामुहिक भेलामा महिला अधिकारका विषय, श्रमिक महिलाहरुको सवाल र हानिकारक अभ्यासका विरुद्ध सवालहरु उठाउन आत्मबल बढेको छ।

**२) आर्थिक सशक्तिकरणः**

- दीगो कृषि विकासका माध्यमबाट समुहका महिलाहरुको आर्थिक अवस्थामा सुधार गर्न विभिन्न तालिम, स्थानिय सरकारको नीतिमा सुधार एवं परिमार्जन र स्थानिय सरकारको सहकार्यमा पुरुषहरुलाई चुनौति दिने खालका आर्थिक अवसरका बैकल्पिक उपायहरुमा सहयोग गर्ने कार्य गरियो। जसको परिणाम कार्यक्षेत्रका ९० घरधुरीहरुले अर्ग्यानिक तरकारी खेती संचालन गरिरहेका छन भने २२ वटा महिला समुहका २४४ जना महिलाहरुले सानाखाले ब्यबशाय संचालन गरिरहेका छन। हाल सम्म २२ वटा समुहको कुल पुँजी ६८ लाख ७० हजार रहेको छ। जसमा द महिला नेटवर्कले ३६ लाख, समुहको आफ्नै बचत २५ लाख ७० हजार र स्थानिय सरकारको अनुदान सहयोग ७ लाख रहेको छ। ब्यबशाय संचालनमा आवद्ध महिलाहरु आर्थिक रुपमा सक्षम भएका कारण उनिहरुले निर्णय प्रक्रियामा समेत सकारात्मक प्रभाव पार्न थालेका छन भने, घर परिवार र समाजमा उनिहरुको मान मर्यादा र हैसियत बढेको समुहका सदस्यहरु बताउन्छन।




- विभिन्न समयमा कार्यक्षेत्रका पालिकाहरुमा अर्ग्यानिक नीति र रणनीतिका वारेमा छलफल गरि कृषक तथा र स्थानिय सरकार विच साझा बुझाई कायम गरीएको छ। केआईसिंह गाउँपालिकाले यस नीतिलाई कार्यान्वयनमा पनि ल्याईसकेको छ। दीगो कृषि उत्पादनबाट आर्थिक, सामाजिक र वातावरणिय पक्षलाई ध्यान दिई खाध सुरक्षा र खाध श्रृखलामा उत्पादनको गुणस्तर सुनिश्चितता गर्न पालिकाले ३ लाख वजेट विनियोजन गरि असल कृषि अभ्यासको शुरुआँत गरेको छ। अर्ग्यानिक खेतीको सन्दर्भमा केआईसिंह गाउँपालिका डोटी जिल्लाकै एक नम्वरमा पालिकामा पर्न सफल भएको छ।

- अर्ग्यानिक खेती तथा सानाखाले ब्यबशाय गर्ने समुहका महिलाहरु अहिले आत्मनिर्भर भई साहुको चर्को ब्याजबाट मुक्त भएका छन। श्रीमान संगसंगै मिलेर उनिहरुले ब्यबशाय शुरु गरिरहेका र आम्दानी पनि गरिरहेकाले अहिले उनिहरुले साहुबाट ऋण लनु पर्दैन र वालवालिकाको शिक्षा तथा जिविकोपार्जनमा उनिहरुलाई सहज भएको छ।



- महिलाहरुले उत्पादन गरेका कृषि तथा गैर कृषिमुलक उत्पादनहरुलाई सहज रुपमा बजारमा ल्याई विक्रि वितरण गर्न केआईसिंह गाउँपालिका र ईडिसीको सहकार्यमा महिला मैत्री वजार स्थापना गरि कार्यान्वयनमा आएको छ। यसले महिलाहरुको वजारमा पहुँच बृद्धि गराएको छ।

- दलित महिलाहरुको आर्थिक सशक्तिकरणका लागि यस परियोजनाले ११ जना दलित महिलाहरुको ब्यबशायिक योजना संचालनमा सहयोग गरेको छ भने, ९ जना महिलाहरुले एकमहिने अटो चालक तालिम प्राप्त गरेका छन। अटोचालक तालिम पश्चात एकजना धनसरा आउजीले अटो संचालनमा ल्याई आम्दानि गर्दै आएकी छिन। अवसर पाए महिलाहरुले पनि जुनसुकै काम गर्न सक्छिन भन्ने उदाहरण हुन धनसरा आउजी। यो देखेर दिपायल सलगढी नगरपालिका र शिखर नगरपालिकाले १० जना महिलाहरुलाई अटो चालक बनाउने गरि २०८०/८१ को योजना र वजेट पारित गरिसकेको छ।



- दिपायल सलगढी नगरपालिका ५ की ठगुली विष्टले बाख्रापालनबाट भएको आम्दानीले बुहारीलाई उच्च शिक्षा पढाउन थालेकी छिन। परियोजनाको सहयोग पाएपछि उनले बाख्रापालन शुरु गरी आम्दानी गर्न थालेकि हुन। उनि जस्तै अन्य समुहका ८ जना महिलाहरु पनि समाजको लागि उदाहरण हुन जसले आफनै ब्यबशायबाट भएको आम्दानीले उच्च शिक्षा अध्ययन गरिरहेका छन।





- समुहका महिलाहरु स्थानिय सरकारबाट मात्र नभई प्रदेश सरकारबाट समेत स्रोत ल्याउन सफल भएका छन। २२ वटा समुह मध्ये ३ वटा समुहले प्रदेशबाट ब्यबशाय संचालनका लागि १५ लाख सहयोग प्राप्त गरेका छन भने पशु विमा गरिरहेका १८ जना महिला कृषकहरुले विमा कम्पनिबाट क्षतिपुर्ति प्राप्त गर्न सक्षम भएका छन।

**३) पारिश्रमिक विनाको सेवामुलक कार्यः**

- पितृसत्तात्मक हाम्रो समाजमा पुरुषहरुले घरवाहिरको काम गर्ने र महिलाहरुले घरभित्रको काम गर्ने गराउने प्रचलन विधमान नै छ। यसले गर्दा महिलाहरु ब्यक्तिगत स्वतन्त्रता, चाहना, आवश्यकता र अधिकारबाट बन्चित हुनुपरिरहेको अवस्थामा ईडिसीले विगत वर्षहरु देखि नै महिलाहरुको पारिश्रमिक विनाको सेवामुलक कार्यको पहिचान, न्यूनिकरण, पूनरवितरण र प्रतिनिधित्वका सवालमा वकालत र अभियानहरु संचालन गर्दै आईरहेकोछ। महिलाहरुको

पारिश्रमिक विनाको सेवामुलक कार्यमा कमि ल्याई उनिहरुलाई उत्पादनमुलक कार्यमा संलग्न गराउन रिफलेक्ट सर्कल तथा विभिन्न समुहमा सहजीकरणका साथै महिलाको कामको अवस्था पहिचान गर्न अध्ययन पनि गरिएको थियो। यसवर्ष २४ वटा समुहमा महिलाको सेवामुलक कार्य सम्बन्धि गरिएको लेखाजोखाले ८४ घरधुरीमा महिलाको काम बाँडफाँड भएको पाईएको छ भने, हरेकवर्ष झै यसवर्ष पनि ५० जोडी (महिला तथा पुरुष) ले गर्ने कामको लेखाजोखाका लागि समय तालिकाको अभ्यास गरिएको थियो जसले पुरुषहरुपनि महिलाहरुको कार्यमा सहयोग गर्न थालेको पाईएको छ।

- महिलाहरुको कार्यबोझमा कमिल्याउन विभिन्न समयमा स्थानिय सरकार समुह र नागरिक समाजहरुसंग गरिएका छलफल अन्तरक्रियाले कार्यक्षेत्रका ५९२ जना महिलाहरुको कार्यबोझमा कमि आएको छ। महिलाको कार्यबोझमा कमि ल्याउन यस परियोजना र स्थानिय सरकारको सहकार्यमा समुहका महिलाहरुले सामिहक रुपमा शिशु स्याहार केन्द्र र कुटनी पिसानी मिलहरु संचालन गरेका छन। वालवालिकाहरु शिशु स्याहार केन्द्रमा जाने र धान कुटाउन र गहुँ पिस्न घरुदेखि धेरै टाढा जानु पर्ने भएकोले उनिहरुले समुदायमै मिल संचालन गरी समय बचत गरेका हुन। यसरी बचत गरेको समय महिलाहरुले सभा समारोह बैठक सामुहिक कार्यमा सहभागि हुने र आफनो सरसफाईमा प्रयाप्त समय मिलेको छ।



**४) सवाल उठान तथा स्थानिय निकायसंग समन्वय र सहकार्यः**

- यसवर्ष श्रमिक महिलाहरुको संगठनले समान कामको समान ज्याला र सुरक्षाका विषयमा स्थानिय स्तर देखि जिल्ला तह सम्म विभिन्न प्रकारका अभियानहरु संचालन गरे। जसको परिणाम तिनै पालिकाले श्रमिक महिलाहरुको सहभागितामा ज्याला अनुगमन संयन्त्र निर्माण गरेका छन भने, दक्ष र अर्धदक्ष श्रमिकको ज्याला निर्धारण गरि दक्ष श्रमिकले दैनिक एक हजार र अर्धदक्ष श्रमिकले दैनिक ७०० पाउने गरि ज्याला निर्धारण गरेका छन। डोटीका ९ वटै स्थानिय तहका प्रमुख, उपप्रमुख, ठेकेदार, ट्रेडयूनियन, पत्रकार, श्रमिक महिलाहरु र नागरिक समाजको सहभागितामा सम्पन्न समान कामको समान ज्याला, श्रमिक महिलाको सूरक्षा तथा सामाजिक सेवाका विषयमा भएको जिल्ला सम्मेलन पश्चात श्रमिकहरुको ज्याला निर्धारण गरिएको थियो।
- यसैगरी कार्यक्षेत्रका १२६ जना महिला श्रमिकहरुको विमा कम्पनिमा विमा गरिएको छ भने कामको शिलशिलामा चोटपटक लागेका ४ जना महिलाहरुले २० हजारका दरले उपचार खर्च प्राप्त गरेका छन।
- शिखर नगरपालिकाले स्थापना गरेको लैंगिकतामा आधारित हिंसाकोषबाट १३ जना महिलाहरुले उपचार खर्च प्राप्त गरिसकेका छन भने रेफरल गाईडलाईन कार्यान्वयनले हिंसा पिडीत महिलाहरुलाई न्यायको खोजी गर्नमा मद्धत पुगेको छ।

**५) अभिलेखीकरण तथा अभियानः**

- स्थानिय स्तरमा क्रियाशिल यूवा तथा किसोरीहरुले लैंगिक समानता, जातिय विभेद तथा जलवायु परिवर्तनका साथै श्रमिक महिलाहरुको समान कामको समान ज्याला र महिलाहरुको सेवामुलक कार्य र कार्यबोझमा कमि ल्याउन विभिन्न अभियानहरु संचालन गर्दै आएका छन। जसले लक्षित समुदाय मात्र नभएर पालिकाका सम्पुर्ण वडाहरुका नागरिक, स्थानिय सरकार लगायत सरोकारलावालाहरु समेत महिला अधिकार र महिलाका सवालहरुमा समेवदनशिल हुन थालेका छन। जातका आधारमा विधालयमा होस वा अन्य कुनै सार्वजनिक स्थलहरुमा हुने गरेको छुवाछुत र विभेदमा कमी आएको छ। महिलाहरुले समय बचत गरी आयआर्जनका बैकल्पिक उपायहरु अपनाई आत्मनिर्भर बन्न सहयोग पुगेको र विभिन्न संरचनाहरुको नेतृत्व र प्रतिनिधित्व गर्नमा प्रेरित गरेको छ।

**परिवर्तनको कथा**

## “लक्ष्मीको जीवनमा आएको परिवर्तन”

श्रीमानको मृत्यु पश्चात आफुले पनि मृत्युको बाटो रोजेकि लक्ष्मी बि क अहिले सफल व्यवसायिको रुपमा स्थापित भएकि छिन । अहिले लक्ष्मीले छोराहरुलाई बिद्यालय पठाउने र आफुले भने किरानापसल संगै मासु कटिङ व्यवसायलाई निकै हिम्मतका साथ अगाडि बढाएकि छिन ।

यहि दि सि न पा वडा नं ७ उडितोलामा घर भएकि वर्ष ३९ कि लक्ष्मी बि क बिपन्न, दलित परिवार कि एकल महिला हुन । ३५ वर्षको उमेरमा भारतमा काम गर्ने क्रममा हार्ट अट्याक जस्तो गम्भिर रोगका कारण उनका श्रीमानको मृत्यु भएको थियो । उनका श्रमिानको मृत्यु हुँदा लक्ष्मी श्रीमानसंगै भारतमा थिइन । २ वटा छोराहरुलाई भारत कै राम्रो बिद्यालयमा पढाई रहेकि लक्ष्मीको जीवन निकै सहज थियो । श्रीमानले निकै माया गर्ने, जाड रक्सी नखाने र होटलमा कमाएर ल्याएको दैनिक ७०० ज्याला लक्ष्मीको हातमा दिने गरेको हुँदा उनिहरुको पैसा बचत हुने गर्दथ्यो र भारतमा आन्नदमय जीवन बिताई रहेक थिए । बैंकमा जम्मा गर्न नसके पनि लक्ष्मीका श्रीमानले परिवारमा कुनै किसिमको अभाव हुन दिएका थिएनन । उनको परिवारमा सबै जना एक आपसमा हासीँ, खुसिका साथ रहेका थिए तर उनको यो खुसि धेरै वर्ष टिक्न सकेन । लक्ष्मीका श्रीमानको मृत्युसंगै उनिहरुको घर परिवारको सबै हाँसो, खुसिहरु हराएर गयो । श्रीमानको मृत्युको खबर सुन्दा लक्ष्मीलाई ५ दिन पछि होस आएको थियो । उनका श्रीमानको मृत्यु भएको १ महिना भएको थियो । लक्ष्मी अर्धबेहोस अवस्थामा रहेकि थिइन ।

लक्ष्मीको परिवारमा आर्थिक अभाव बढ्दै गयो । कुनै ठाउँमा काम खोज्न जाउ भने पनि बिश्व भरि नै माहामारीको रुपमा कोभिढको संक्रमण बढ्दै गयो । होटल व्यवसायहरु सबै बन्द भए । सबै नेपालीहरु घर फर्कन थाले तर लक्ष्मीसंग छोराहरु ल्याएर घर फर्कन १ पैसा थिएन । अर्काको देशमा मर्न दिनु भएन साचेर आफन्तहरुले उनि र उनका छोराहरुलाई नेपाल सम्म त पुऱ्याए । घर पुगे पछि १२ वर्ष अगाडि छोडेको पुरानो घर बाहेक उनिसंग केहि भएन । खानलाई एक दाना अन्न थिएन । छिमेकिहरुले खानलाई दिएको अन्नहरु २५ दिन सम्म त पुग्यो तर अब के खाने भन्ने चिन्ताले उनलाई पिरोल्न थाल्यो । गाउँमा कुनै काम पाएन सम्भावना थिएन खेति गरेर खानलाई आफुसंग जमिन थिएन । अरुको अधिंया गरेर खानको लागि पनि जमिन नपाए पछि उनले आफ्नो २ वटा छोरा सहित आत्महत्या गर्ने सोच बनाइन । उनको यो योजना छिमेकि ललिता बि क ले थाहा पाइन ।

ललिता सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहयोगमा संचालित द महिला नेटवर्क परियोजना द्धारा गठन गरिएको प्रभात महिला समुह कि अध्यक्ष हुन । ललिताले समुहको अक्ष्यक्ष भई रहदा राम्रो नेतृत्वलिई रहेकि थिईन । उनले यो कुरा समुहमा राखिन । सुमहको बैठक प्रत्येक महिनाको ७ गते हुने गर्दथ्यो । समुहको बैठमा ७ गते हुने भएता पनि ललिताले सामाजिक परिचालकको सहयोगमा तत्काल बैठकको आयोजना गरिन । बैठकमा लक्ष्मीलाई पनि आमन्त्रण गरिएको थियो । ललिताले लक्ष्मीको काधमा हात राख्दै आफ्नो सबै पिडाहरु समुहमा राख्नको आग्रह गरिन । लक्ष्मी डराउदै ,रुदै आफ्ना सबै पिडाहरु भनिन । अन्तिममा लक्ष्मीले अब आफुसंग मर्नु भन्दा अरु बिकल्प नरहेको कुरा पनि सुनाईन । उनको कुरा सुन्दा एक छिन सबै जना भाबुक हुदै रोए तर मर्नु समस्याको सामाधान नरहेकोले केहि व्यापार व्यवसाय गर्नको लागि सुझावहरु दिए । आफुहरुले पनि पाएका पिडा र दुखहरु सबै जनाले त्यस बैठकमा सुनाए । समुहबाट घुम्तिकोष र टोकन सहयोग पाउनेबारे उनलाई जानकारी दिदै कुनै व्यवसायमा लाग्नको लागि सल्लाह दिए । आफुसंग पैसा भए किराना पसल र मासु कटिङ व्यवसाय गर्ने लक्ष्मीको सोच रहेछ तर आर्थिक अभावका कारण कुनै साहुले ऋण नपत्याए पछि उनले मृत्युको बाटो रोजेको थाहा पाई सके पछि समुहका सबै जनाले उनलाई व्यवसायमा सहयोग गर्ने निणर्य गरेर सामाजिक परिचालकको सहयोगमा व्यसायिक योजना बनाए । सोहि बमोजिम परियोजनाको सहयोगमा उनले किराना पसल व्यवसाय सुरु गरिन ।

२० हजार बाट सुरु गरेको उनको व्यवसायबाट एक महिनामा ३८ हजार आम्दानी भयो । लगानी कटाएर १६ हजार उनलाई फाइदा भयो । अब लक्ष्मीको हिम्मत बढ्दै गयो । उनले अब कुखुराको मासु गाउँमा धेरै खपत हुने र गाउँको मान्छे १ घण्टा टाढाको बाटो हिनेर जानु पर्ने अवस्थामा उहाहरुको सहजता र आफ्नो व्यापार पनि राम्रो हुने भए पछि

उनले त्यो १६ हजारको ग्यास, सिलिन्डर, मासु काट्ने गर्सा र तारजु किनिन । उनले बजारबाट कुखुरा माग गर्न थालिन गाउामा नै कटिङ सुरु गरिन । मासु कटिङ र किराना पसल व्यवासायसंगै सुरु गर्दा उनको आम्दानी राम्रो हुदै गयो । उनले अर्का महिना दुबै व्यवसायबाट ३५ हजार आफ्नो खुद आम्दानी गरिन । लक्ष्मि खुसि छिन । अहिले छोराहरुलाई के गरि पढाएने, के खुवाउने भन्ने चिन्ता उनलाई छैन । उनले मासिक ४ हजार आफ्नो नाममा बैंकमा जम्मा गर्न थालेकि छिन । गाउँमा कसैलाई अफ्टेरो पर्दा उनले आफ्नो दुखहरु सम्झेर सहयोग गर्ने गरेकि छिन । अहिले उनिलाई एउटा सफल व्यवसायी रुपमा ुबैले चिन्ने गरेका छन । यस महिनामा मात्र तिज नजिकि दै गरेको हुँदा उनले आफुलाई ४२ हजारमा सुनको तिल्हरी बनाएकि छिन । श्रीमानको मृत्यु भए पनि अब आफ्ले छोराहरुलाई उच्च शिक्षा दिने उनको भनाई छ ।" अब म समाजको सामु एउटा उदाहरणिय आमा बन्न चाहन्छु । बुवाले छोराहरुलाई छोडे पनि म उनिहरुलाई उच्च शिक्षा दिने छु यो सबै हिम्मत मलाई समुहको सहयोगमा मिलेको हु । समुहले म जस्तै मर्नको बाटो रोजेका , कुनै ठाउँमा जाने बाटो नभए महिलाहरुको हितमा काम गर्ने गरेको छ । "

लक्ष्मी अहिले व्यवसायमा मात्र हैन । नेतृत्वको तहमा पनि निकै अगाडि छिन । उनले महिलाहरुलाई अगाडि बढ्नको लागि प्ररित गर्दै गरेकि छिन । हिंसामा परेका महिलाहरुलाई पनि उनले सहेर नबस्न आग्रह गर्ने गरेकि छिन ।

धन्यवाद

## परिवर्तनको कथा

आर्थिक अवस्था कमजोर हुँदा आफ्नै घरपरिवार तथा श्रीमानले हेला गरि घरबाट निकाल्नको लागि अनेक कोषिश गरेका सीताको परिवारले हाल उनलाई हरेक काममा सहयोग गर्ने गरेका छन । अहिले सीताले किराना पसल व्यवसायबाट राम्रो आम्दानी गरि समुदायमा एक सफल व्यवसायिको रुपमा स्थापित भएकि छिन ।

यहि दि सि न पा ५ बागठाटा घर भएकि सीता पार्कि किरण महिला समुहकि सकिय सदस्य हुन । के आई सिं गा पा ५ माइती घर भएकि उनको १८ वर्षको उमेरमा बिवाह भएको थियो । ६ भाई बहिनी र आमा बुवा गरि उनको ८ जनाको् परिवार थियो । बुवा आमा बुढो हुदै गए पछि घरमा कमाउने मान्छे कोहि भएन र बालबच्चाको पढाइ गर्न नसक्ने भए पछि सीताको १८ वर्षको उमेरमा दिपायल सिलगढी नगरपालिका वडा नं ५ बागठाटामा बस्ने २० वर्षिय दिपक कोली संग बिहे भयो । बिहे भएको एक वर्ष मै सीता आमा बनि सकेकि थिइन । दिपक साहुको गाडि चलाउने गर्दथे । गाढि चलाएको मासिक तलब १२ हजार थियो । त्यहि पैसा पनि तलब पाएको दिन रासन तथा श्रीमानले होटेलमा खाएको तिर्नमा ठिक्क गर्दथे । बिहे भएको ४ वर्ष भयो सीता २ वटा बच्चा कि आमा बनि सकेकि थिइन । परिवार सख्या बढ्दै गयो । छोरा छोरीलाई बिद्यालय पठाउने समय भैसकेको थियो । सीतालाई चिन्ता बढ्दै गएको थियो । यसै बिच सन २०२१ मा बिश्व भरि नै कोभिढ १९ को सक्रमण बढ्दै गयो । बिश्वको नै आर्थिक अवस्था खस्कदो क्रममा थियो व्यापार व्यवसायहरु बन्द हुदै गए । यसै समयमा सीताका श्रीमानले काम गर्ने गाडि साहुले बिक्री गरि दिए । सीताका श्रीमान घर मै बेरोजगार भएर बस्नु पर्‍यो । सीता भन्नु हुन्छ "त्यहि महिनाको १२ हजारले रासन भर्न त मिल्थ्यो अब त्यो पनि बन्द भयो । अब आफुले के खाने छोरा छोरीलाई के खुवाउने भन्ने चिन्ता बढ्दै गयो । खेतिपाती गरेर खानको लागि आफु संग जमिन थिएन । काम नभएर घर बस्दा मेरा श्रीमान बिग्रदै गए । बाहिरी देशबाट कोभिडको कारण घर फर्केका सबै जना दिन भरि भट्टीमा जाने तास खेल्ने, रक्सी खाने गर्न थाले । घरमा रक्सी खाएर मलाई कुटपिट समेत गर्न थाले ,बचन लगाउन थाले, उनले भन्थे घरमा म कमाउने नहुदा त सबै लथालिंग भयो तेरो काम छैन मेरो घर छोडेर गए हुन्छ भन्न थाले । सासु ससुराहरुले पनि बुहारीले बसि बसि मात्रै खान्छे । छोराको कमाई नहुदा मेरो घर बिचल्ली भयो । अब तैले घर छोडेर माइत गए हुन्छ भन्ने जस्ता कुराहरु राख्ने थाले । श्रीमान र सासु ससुराहरुको दिन दिनैको पिडा सहन नसकि मैले माइती घरमा जाने सोचे तर माइती घरमा पनि बुवा आमाको अवस्था कमजोर हुदा अब जाने बाटो कहि छैन मैले मर्नु पर्छ सोचेको समयमा हाम्रो किरण महिला समुहकि अध्यक्ष काली बि क ले मलाई हिम्मत र सल्लाह दिईन । उनले भनिन आफु त मरेर जान्छस तर बालबच्चाको अवस्था के हुन्छ भन्दा म झस्किए । त्यस पछि मैले उहाको सल्लाह अनुसार किरना पसल व्यवसाय गर्ने निधो गरे । काली बि क ले पनि समुहको घुम्तिकोषको सहयोगमा किराना पसल व्यवसाय गर्नु भएको थियो । उहाको राम्रो अवस्था भएको हुदाँ मैले पनि यो व्यवसाय सुरु गर्ने निधो गरे ।"

सीताले कालि बि क को सहल्लाहमा घुम्तिकोषबाट ३० हजार सहयोग प्राप्त गरिन र आफ्नै घरको एउटा कोठा सामानहरु व्यवस्थित ढंगले राखिन । उनले सामान्य रुपमा आफ्नो पसलमा पाइने सामानहरुको बारेमा समुदायमा प्रचार प्रसार गरिन । बजार गाउँ भन्दा निकै टाढा भएको हुँदा उनको पसलबाट राम्रै व्यवसाय हुन थाल्यो । उन व्यवसाय सुरु गर्दा सबै जनाले खिल्ली उडाउन गर्दथे । उनका श्रीमान र सासु ससुराहरुले व्यवसाय घाटामा गए आफुहरुले कुनै प्रकारको पनि सहयोग नगर्ने भनेका थिए तर सीताको व्यवसाय राम्रो हुदै गयो । उनले पसल सुरु गर्दा २५ हजारको सामान राखेकि थिइन तर उनको एक महिनामा ५८ हजारको कारोबार भयो र लगानी कटाएर उनले २६ हजार कमाइन । उनको खुसिको सिमा थिएन । सीताले व्यवसायलाई थप गर्दै गईन परियोजनाद्धारा पनि उनले व्यवसायिक सिप बिकास गर्ने तालिम प्राप्त गरिन । सीतालाई थप फाइदा पुग्यो । “पहिले घरबाट निस्केर जा भन्ने श्रीमान र सासु ससुरा अहिले घरको सबै काममा मलाई सहयोग गर्नु हुन्छ । मैले किराना पसल व्यवसायबाट राम्रो आम्दानी गर्न थाले पछि छोरा छोरीहरुलाई बिद्यालय पठाए । सासु बिरामि हुदा लागेको १६ हजार ऋण पनि तिरे अहिले सासुले भन्नुहुन्छ छोराहरुले नतिरेको ऋण बुहारीले छोरा भइ तिरीन । यसरी अहिले उहाहरुले म तालिम गोष्टिहरुमा जादा पसल हेरी दिने र खाना बनाई दिने कामहरुमा सहयोग गर्ने गरेका छन र माया पनि गर्नु हुन्छ । श्रीमानले पनि बजारबाट सामान ल्याई, छोराछोरीहरुको रेखदेख गरि दिने काममा सहयोग गर्नु हुन्छ । समुहको सहयोगमा मेरो जस्तो कोभिडबाट अलपत्र परेको समुदायका महिलाहरुले गाईपालन, बाख्रापालन, बंगुरपालन जस्ता व्यवसायमा संलग्न रहेर जिबिका चलाई रहेका छन । ” पारिश्रमिक दिने काममा महिलाहरु संलग्न नरहेका कारण उनिहरु बढि हिंसामा पर्ने र पारिश्रमिक पाइने काममा संलग्न रहदा उनिहरुको मान सम्मान बढ्ने भन्ने कुरा सीताले पुष्टि गरेकि छिन । हाल उनि जस्तै अरु महिलाहरु पनि सानाखाले व्यवसायमा संलग्न रहन थालेका छन । उनि अहिले एक सफल व्यवसायिको रुपमा परिचित छन ।

**सिकाई (Learning)**

- समुदायमा बिकृति बिरुद्ध संलग्न व्यक्तिहरुलाई सम्मान र प्रशंसा गर्दा अन्य समुदाय र सरोकारवालाहरुमा सकारात्मक प्रभाव पर्ने ।

**सुधार गर्नुपर्ने पक्षः**

- कृषि तथा गैरकृषि उत्पादनमा जोड, निर्देशिकाको कार्यान्वयनमाजोड
- स्थानिय तहसंग समन्वय र सहकाय  कृषकहरुलाई अर्गानिक उत्पादनमा जोड, सिप बिकास, आवश्यक सामाग्री सहयोग
- समुदायमा यसको व्यापक प्रचार प्रसार ,स्थानिय तहलाई जवाफदेहि बनाउनमा सहयोग र सिप बिकास
- समुहको लेखा व्यवस्थापनमा सहयोग , समुहका पदाधिकारीहरुको क्षमता बिकास